यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक ५४ ○श्रेणी 'क' ○२०७२ मंसिर ६ गते आइतबार ○ 22 Nov. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।– मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## डिप्पोबाटै ४५० सिलिण्डर ग्यास गायव !
### करिब आठहजार शक्ति र गृहलक्ष्मीका ग्यास आज वितरण गरिदै

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

भारतीय नाकाबन्दीले पेट्रोलियम पदार्थ तथा ग्यासको चरम अभाव भईरहेका बेला कालाबजारी पनि उत्तिकै भईरहेको छ। मुलुक संकटमा परेको बेला केहि व्यक्तिहरु लाखौं कमाउने ध्याउन्नमा मिसावट नै गरेर तेब्बर मुल्यमा तेल कारोबारमा संलग्न छन् भने प्रहरी, जिम्मेवार कर्मचारी समेत कालाबजारीमा संलग्न भएको सार्वजनिक भईरहेका छन्। पहुँच नभएका सर्वसाधारण जनताले नाकाबन्दीको सास्ती खेपिरहँदा प्रशासन समेत कालाबजारी नियन्त्रणमा लागेको छैन। पेट्रोल पम्पहरुमा आफूखुशी ईन्धन बाँडिरहेको खबर आईरहेका छन्। उपभोक्तालाई बाँड्नुपर्ने ग्याँस समेत डिपोबाटै हराएको पाईएको छ। शक्ति कम्पनीका साढे चार सय सिलिण्डर ग्याँस एकाएक गायब छन्। उपभोक्तालाई सार्वजनिक सुचना जारी गरेर ग्यास बितरण गरिने आपूर्ति समितिको निर्णय विपरीत ग्यास सिलिण्डर गायव भएपछि उपभोक्ता मञ्च कास्कीका अध्यक्ष कपिलनाथ कोईरालाले जानकारी दिए। 'आपूर्ति समितिमा छलफल गरेर सार्वजनिक सूचना जारी गरी ग्याँस वितरण गर्ने भनिएपनि जानकारी नै नदिई चार सय ५० सिलिण्डर ग्याँस गायब छ।' कोईरालाले भने-'यस्ता अभावको उत्कर्षमा रहेको बेला उपभोक्ता ग्यासको लागि



तड्पिरहेका छन्। जनता झुक्याउने खेल भएको छ।' पोखरामा बितरणको तयारी गरिएका सिलिण्डर गायव भएपछि ग्याँस बितरण हुने-नहुने अन्योल भएको उनले बताए। आफूहरुले हराएका सिलिण्डरहरुको विवरण खोजी बाहिर ल्याएरै छाड्ने कोईरालाले बताए। तर, केहि घण्टा पछि नै कोईरालाले आफ्नो बोली फेरेका छन्। उनले गायव पारेको नभई निर्णय अनुसार नै स्थानीयका लागि छुट्टाईएको भन्दै कुरा फेरेका हुन्। आईतबार गृहलक्ष्मी र शक्ति ग्याँसका सिलिण्डर साटिने उनले जानकारी दिए। तर यस विषयमा प्रशासनले सूचना जारी गरेको छैन। गत कार्तिक १८ मा पनि जानकारी नै नगराई गृहलक्ष्मी कम्पनीका आधा परिमाणका ग्याँस साटिएकोमा सर्वसाधारणले गुनासो गरेका थिए। दुई कम्पनीका ग्याँस कहाँ बाडिन्छ ? भन्ने प्रश्नमा मञ्चका अध्यक्ष कोईरालाले भने स्थानबारे भन्न नमिल्ने बताए। प्रशासनले समेत सर्वसाधारणलाई सूचना नगरिरहेको बेला उपभोक्ताकै नेताले स्थान भन्न नमिल्ने बताउनु आफैंमा रहस्यमय छ। उपभोक्ता मञ्च उपभोक्ताको हक हितमा लाग्नुपर्ने हो तर सर्वसधारण कृत्रिम अभाव, कालाबजारीको मारमा पर्दा समेत उपभोक्ता मञ्च सक्रिय बनेको देखिदैंन। सिलिण्डर कुन प्रयोजनका लागि गायब भएको वा छुट्टाईएको भन्ने विषयमा शक्ति ग्यास कम्पनीका महाप्रबन्धक मेघराज पौडेलसंग जानकारी लिन खोज्दा सम्पर्क हुन सकेन।

यसैबीच कास्की जिल्लामा लामो समयदेखिको एलपी ग्याँसको अभाव भैरहेको परिस्थितिमा मध्ये नजर गर्दै आइतबार शक्ति र गृहलक्ष्मी ग्याँस वितरण गर्ने भएको छ। जिल्ला प्रशासन कार्यालले शनिबार राति १०:३० बजे विज्ञप्ति जारी गर्दै आइतबार दुवै कम्पनीका गरि ७ हजार ९ सय १४ सिलिण्डर वितरण गरिने जनाएको छ। जिल्ला प्रशासनले दिएको जानकारी अनुसार ग्यास वितरण हुने स्थानको नजिकको विक्रेताहरुकोमा कम्पनीको तर्फबाट झर्ने सिलिण्डर एकमुष्ट रुपमा झारिने छ। त्यसपछि सम्बन्धित बिक्रेताहरुले स्थानीय टोल सुधार समिति, आमा समूह, उपभोक्ता मञ्च, समावेशी तथा नागरिक समाजका प्रतिनिधिहरुको समेत उपस्थितिमा ग्यास वितरण गरिने छ। एक परिवारमा एक मात्र सिलिण्डर पर्ने गरी सम्बन्धित कम्पनीको खाली सिलिण्डर लिई लाइनमा बस्ने पहिले आउने व्यक्तिले पहिले पाउने गरी ७.१ के.जी. तौलको सिलिण्डर विक्री ग्राहकको नाम, ठेगाना लेखी हस्ताक्षर सहितको अभिलेख राखी वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। ग्यास वितरण गर्न कम्पनीको कार्यालयबाट वितरण केन्द्रसम्मको ढुवानी तथा वितरण स्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी वलबाट समन्वयात्मक रुपमा सुरक्षाको प्रवन्ध मिलाउने बताइएको छ।

यसैबीच प्रशासन कार्यालयले सूचना जारी गर्नु करिब ४ घण्टा अगावै सम्बन्धित ग्यास विक्री केन्द्रमा सयौंको मात्रामा सिलिण्डर थुप्रिएका छन्। आइतबार शक्ति र गृहलक्ष्मी ग्यासमात्र वितरण हुने भनिएपनि उपभोक्ताले सबै प्रकारका सिलिण्डर लिएर लाइनमा बसेका छन्। उपभोक्ता ग्यास पाउने आशमा पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा एकसाता देखि नै लाइनमा बस्दै आएका थिए। सम्बन्धित ग्यास विक्री केन्द्रबाटै वितरण हुने सूचना पाएपछि उपभोक्ताहरु हतार-हतार विक्री केन्द्र तर्फ लागेका थिए।

## पोखरामा रगत अभाव,लायन्सले पहल गर्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

भारतीय नाकाबन्दी संगै बजारमा मानिसको चहलपहलमा आएको कमी र नेपालीका महान चाडपर्वका कारण विभिन्न संघ संस्थाले रक्तदान कार्यक्रम सञ्चालन नगर्दा पोखरामा ए पोजेटिभ रगतको अभाव भएको छ। चाडपर्वले झण्डै २ महिनाको समय खर्चिने र चाडपर्वको धूमधाम संगै खेतिवाली थन्क्याउन ब्यस्त हुने हुँदा विगतका बर्षहरुमा जस्तै यसवर्ष पनि पोखरामा रगको कमी भएको हो। रगतमध्ये सर्वसुलभ रुपमा धेरै मानिसमा पाईने ए पोजेटिभ ग्रुपको रगत भएपनि बिभिन्न अस्पतालहरु मा अप्रेशन गराउने बिरामीदेखि दुर्घटनामा पर्ने हरु समेत धेरै हुने हुदा उक्त ग्रुपको रगतको माग समेत उच्च हुने गरेको हो। पोखरामा लामोसमयदेखि बिभिन्न संघ संस्थाले आफ्नो बार्षिक कार्यतालिकामा नै रक्तदानलाई उच्च प्राथमिकतामा राखेर रक्तदानका कार्यक्रम सञ्चालन गर्दै आएको भएतापनि चाडवाड, नाकाबन्दी र खेतिपाती थन्काउने मौसमका कारण कार्यक्रम सञ्चालनमा कमी आए संगै पोखरामा रगको अभाव हुन थालेको हो। रगतको अभाव हुने अवस्था आएपनि रगत अभावको करणले अप्रेसन र उपचार भने प्रभावित नभएको क्षेत्रीय रक्त सञ्चार केन्द्र पोखराले जनाएको छ। केन्द्रका प्रमुख ध्रुव लामिछानेका अनुसार चाडवाड र बर्षा यामका कारण रक्तदान कार्यक्रम कम मात्रामा सञ्चालन भएकाले केन्द्रमा रगतको अभाव हुन थालेको हो। 'यस क्षेत्रमा रहेका संघ-संस्थाहरुले चाडपर्व, बर्षा याम भएकाले आफ्नो रक्तदान कार्यक्रमहरु सञ्चालन नगरेकाले रगतको अभाव हुन गएको छ'-उनले भने।

अभाव पूर्तिगर्न तत्काल संघ-संस्थालाई आग्रह गरेर रक्तदान कार्यक्रम सञ्चालन गरिने उनले बताए। बढ्दो शहरिकरण र चेतनाको विकाससंगै बिरामी अस्पताल आउनेक्रम बृद्धि भएपछि पोखरा क्षेत्रमा दैनिक ८० युनिट रगत आवश्यक पर्ने गरेको बताइन्छ। तर अहिले रक्त सञ्चार केन्द्र संग सीमित संख्यामा मात्र रगत रहेकाले तत्कालै रक्तदान कार्यक्रमहरु सञ्चालन गर्न केन्द्रले नियमित रक्तदान कार्यक्रम गर्दै आएका पोखराका लायन्स क्लव लगायतका ठूला संघ-संस्थाहरुसंग आग्रह गरिने लामिछानेले बताए।

पोखरामा प्रमुख कार्यक्रमका रुपमा सञ्चालन गर्दै आएको लायन्स क्लव इन्टरनेशनल ३२५ बी १ नेपालका रक्तदान चियर पर्सन किशोर बरालले पोखरामा भएको रगको अभावलाई कम गर्न पोखरामा रहेको ८० वटा क्लवहरुलाई आग्रह गर्ने बताए। उनले भने-'अहिलेसम्म ५ महिनाको समयमा क्लवहरुले ७ सय ५० युनिट रगत संकलन गरिसकेको छ, अव रक्तदान गर्न प्रतिबद्धता जनाएको दर्जनौं क्लवहरुलाई आग्रह गरेर लायन्सले पोखरामा भएको रगतको अभावलाई निर्मूल पार्छ।' पोखरामा सवै भन्दा बढी ए पोजेटिभ, एबी पोजेटिभ, बि पोजेटिभ, ओ पोजेटिभ, बी नेगेटिभ, ए नेगेटिभ, एबी नेगेटिभ रगतको नियमित आवश्यक पर्ने गरेको छ। यसमध्ये पनि प्राय:जसो नेगेटीभ ग्रुपको रगरको सधैं नै अभाव हुने गरेको छ।

अति नै नगन्य मानिसहरुमा नेगेटिभ ग्रुपको रगत हुने भएकाले सो ग्रुपको रगत अभाव हुने गरेको छ। बिरलै मात्र पाइने भएकाले रक्त सञ्चार केन्द्रको सम्पर्कका आएका नेगेटिभ रक्त समूहका मानिसको नाम लिस्ट र फोन नम्वर केन्द्रले संकलन गरेर समस्या परेको बेला रक्तदातालाई फोनबाट आग्रह गरेर बिरामीको जीवन बचाउने गरिएको केन्द्रले जनाएको छ।

नेपाल रेडक्रस सोसाईटी र रक्त सञ्चार केन्द्रमार्फत पोखरामा नियमित २ सय ५० भन्दा बढी बिभिन्न संघ संस्थाहरुले रक्तदान कार्यक्रम सञ्चालन गदै आएका छन। त्यसमध्ये यस क्षेत्रमा ८० भन्दा धेरै लायन्स क्लवहरुले आफ्नो बार्षिक कार्यतालिका नै तयार पारेर रक्तदान गर्दै आएका छन।

हार्दिक बधाई एवं शुभकामना



ला. राजकुमार के.सी.

लायन्स क्लव अफ पोखरा पिस चौतारीका सदस्य एवं पोखराका पर्यटन व्यवसायी लायन **राजकुमार के.सी.ज्यू** पोखराबाट संचालित **गण्डकी टेलिभिजन**को गरिमामय **अध्यक्ष** पदमा चयन हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

ला. धनञ्जय पौडेल
अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा पिस चौतारी परिवार

## मुलुकको असहज परिस्थितिप्रति डिएलए र रिलेक्सको ध्यानाकर्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन (डिएलए) को २५ औ स्थापना दिवस पोखरामा पनि मनाइएको छ। डिएलए कास्कीको आयोजनामा भएको कार्यक्रममा मुलुकमा उत्पन्न असहज परिस्थितिसँग सम्बन्धित विभिन्न ५ बुँदा पारित गरेको छ। जसअन्तर्गत भारतले पछिल्लो समय नेपालमाथि लगाएको नाकाबन्दीका कारण भूपरिवेष्ठित मुलुकले पाउने पारवहन अधिकार सम्मान गर्न सम्बन्धित पक्षसँग जोडदार माग गर्ने, नाकाबन्दीबाट जनतामा पर्न गएको असुविधाप्रति संवेदनशील भइ तत्काल नाकाबन्दी अन्त्य गर्नुपर्ने, पूर्वप्रधानमन्त्री सुशिल कोइरालाद्वारा न्याय परिषद्मा नियुक्त रामप्रसाद सिटौलालाई अहिलेको सरकारले हटाएकोमा पूर्वसरकारको लोकतान्त्रिक निर्णयको सम्मान गर्दै कार्यान्वयन गर्नुपर्ने, तराईमा जारी मधेशी मोर्चासँग शीर्षतहमा निर्णायक वार्ता गर्नुपर्ने, पेट्रोलियम पदार्थ तथा इन्धन अभावमा दैनिक उपभोग्य बस्तुमा अस्भाविक रुपमा भएको मूल्यबृद्धि र कालोबजारी नियन्त्रण गर्न सरकारलाई ध्यानाकर्षण गराउने लगायतका निर्णय छन्।

डिएलए कास्कीका अध्यक्ष कृष्णप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बसेको भेलामा डिएलए नेपालका पूर्वउपाध्यक्ष एवं नेपाल कानून व्यवसायी परिषदका पार्षद् मोहननाथ कोइराला, पूर्वपार्षद एवं वरिष्ठ अधिवक्ता कृष्णबहादुर थापा, पुनरावेदन बार एशोसिएशन पोखराका अध्यक्ष खगेन्द्रराज आचार्य, डिएलए कास्कीका पूर्वअध्यक्ष एवं पुनरावेदन बारका निवर्तमान अध्यक्ष मुकुन्दराज अर्याल, डिएलए पश्चिमाञ्चल समितिका सचिव कपिलमणि दाहाल, पुनरावेदन बारका पूर्व अध्यक्ष फणिन्द्रराज कोइराला, कास्की जिल्ला एशोसिएसनका सचिव दीपक पौडेल, सदस्य वीरेन्द्र बास्तोलाले बोलेका थिए। कार्यक्रममा स्वागत डिएलए कास्कीका उपाध्यक्ष माधव बास्तोला र संचालन सचिव नारायणप्रसाद कोइरालाले गरेका थिए।

यसैगरी भारतले नेपालमाथि लगाएको २ महिनादेखिको नाकाबन्दीको मानवअधिकार शिक्षा क्लब (रिलेक-नेपाल), कास्कीले अत्यन्तै निन्दनीय र भर्त्सनाजन्य कार्य भएको ठहर गरेको छ। अन्तर्राष्ट्रिय सन्धी सम्झौता र मानवअधिकारको ठाडो उल्लंघन गरेकोप्रति अन्तर्राष्ट्रिय मानव अधिकारको संस्था संयुक्त राष्ट्रसंघ लगायतले खुलारुपमा आह्वान गरिसक्दा पनि भारतले त्यसको धज्जी उडाउँदै दैनिक जीवनमा उपभोग्य बस्तु, औषधि तथा इन्धनमा गरेको नाकाबन्दीको कडा शब्दमा निन्दासमेत गरेको हो। संस्थाका जिल्ला अध्यक्ष तुलसी दाहालले शनिबार जारी विज्ञप्तिमा भनिएको छ यसको दीर्घकालीन नकारात्मक असर के कति आफूलाई पनि पर्न सक्छ, सो कुरा भारतले बेलैमा सोचोस् भन्ने आह्वान पनि गर्दछौं। भारतकै सच्चा नागरिक तथा मानवअधिकारवादी संस्थाले नाकाबन्दी गर्न नहुने कुरामा आवाज उठाइसकेका छन्। तसर्थ नेपाल प्रतिको नाकाबन्दी तुरुन्त हटाएर सहज वातावरण सृजना गर्न हामी भारत सरकारसँग जोडदार माग गर्दछौं। यदि यसरी आन्दोलन गर्दा धेरैको ज्यान जान सक्ने स्थिति सृजना भैसकेको हुँदा त्यसको मूल्य तराईका जनताले पनि चुकाउन पर्ला भन्दै बेलैमा सोचेर मागप्रति नरम बनाउन आग्रहसमेत गरिएको छ। साथै ९० प्रतिशत नेपाली जनता आन्दोलनकारीविरुद्ध उत्रिए भने कुन देशका नागरिक हौ भनेर कहाँ शरण लिन जाने हो एक पटक सोच्न समेत रिलेकले चेतावनी दिएको छ।

हार्दिक बधाई एवं शुभकामना



श्री गुण प्रसाद सापकोटा 'भरत'
वरिष्ठ उपाध्यक्ष



श्री कृष्ण प्रसाद घरेल
कार्यसमिति सदस्य

धादिङ–पोखरा सम्पर्क समितिका उपाध्यक्ष श्री **गुणप्रसाद सापकोटा "भरत"**ज्यू **पश्चिमाञ्चल क्याटरिङ व्यवसायी संघ**को हालै सम्पन्न नवौं साधारणसभा तथा छैटौं अधिवेशनबाट गरिमामय **वरिष्ठ उपाध्यक्ष** पदमा र समितिका सल्लाहकार श्री **कृष्णप्रसाद घरेल**ज्यू **कार्यसमति सदस्य पदमा** निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँहरुको सफल कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

झम्कबहादुर सारु मगर
अध्यक्ष एवं
धादिङ-पोखरा सम्पर्क समिति परिवार
पोखरा–महानगरपालिका वडा नं. ४ रामकृष्णटोल

## विद्यूतभार कटौती हुन्छ–उर्जामन्त्री

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ मंसिर ।

उपप्रधानमन्त्री तथा ऊर्जा मन्त्री टोपबहादुर रायमाझीले द्रुत मार्गबाट काम गरेर एक वर्षभित्र देशलाई विद्युत् भार कटौती मुक्त गरिने वताएका छन्। एकीकृत नेकपा (माओवादी) कास्कीका कार्यकर्ताहरु सँग शनिबार भएको भेटघाटमा उनले देशमा वैकल्पिक ऊर्जाको विकासबाट इन्धनको क्षेत्रमा उथलपुथलको परिवर्तन गर्ने र १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको जानकारी दिए। जलविद्युत् उत्पादनको क्षेत्रमा एक महिनामा नयाँ आधारभूत परिवर्तन आउने र देशमा तीन वर्षे ऊर्जा सङ्कटकाल घोषणा गरिने मन्त्री रायमाझीले उल्लेख गरे। उनले डा बाबुराम



भट्टराईले पार्टी छोडेर आत्मघाती काम गरेको र उनले जनता, राष्ट्र र पार्टीलाई समेत धोका दिएको आरोप लगाए। आफ्नो ४२ वर्षे राजनीतिक जीवनमा ३२ वर्ष डा बाबुराम भट्टराईसँग काम गरेको अनुभव सुनाउँदै एकीकृत नेकपा (माओवादी)का नेता मन्त्री रायमाझीले पार्टी परित्याग गर्ने बेलामा डा भट्टराईले आफूलाई कुनै जानकारी नदिएको बताए।

विशेष छुटमा
काठमाडौंका विषय विज्ञद्वारा
नासु र खरिदारको
तयारी कक्षा सञ्चालन
रू. ४,५००।- यही मंसिर ७ गतेबाट
गोकर्णप्रसाद उपाध्यायको प्रथम पत्रको
बुक फ्रि
कक्षा : बिहान, दिउँसो र बेलुका
साथै शाखा अधिकृतको
प्रथम पत्रको कक्षा सिघ्र सञ्चालन हुँदैछ ।
पोखरा सनराइज एकेडेमी (Sunrise Cyber)
राष्ट्रबैंकचोक, पोखरा, फोन: ०६१-४६०२३६ , ४६२७८९

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- *लर्ड नेपियर*

## सम्पादकीय . .

# नेपाली फुटवलको लज्जा

झन्डै २१ वर्षदेखि अखिल नेपाल फुटबल संघ (एन्फा) को नेतृत्व गर्दै आएका अध्यक्ष गणेश थापाले आर्थिक अनियमितता गरेको आरोपमा फुटबलको आधिकारिक अन्तर्राष्ट्रिय निकाय फिफाले १० वर्षसम्म कुनै पनि फुटबल गतिविधिमा संलग्न हुन नपाउने गरी प्रतिबन्ध लगाएको छ। प्रतिबन्ध सहित उनलाई २१ लाख रुपैयाँ जरिवाना गराउने निर्णय पनि फिफाले गरेको छ। यसले गर्दा सधैं विवादमा आइरहने र अन्तर्राष्ट्रिय प्रतियोगितामा देशलाई कुनै सफलता प्राप्त गराउन नसक्ने नेपाली फुटबलमा नयाँ तरंग थपिएको छ। यस अगाडि पनि नेपाली राष्ट्रिय फुटबल टोलीका क्याप्टेनसहित केही खेलाडी र प्रशिक्षकसमेत म्याच फिक्सिङको आरोपमा हिरासतमा बसेर जमानतमा छुटेका थिए। नेपाली फुटबलको इतिहासमा यी दुई घट्नाले भूकम्पीय तरंग नै छाडेका छन। २१ वर्षसम्म लगातार एन्फाको एकछत्र नेतृत्व गरेका गणेश थापा नेपाली फुटबल जगतमा धेरै पटक विवादमा आएर पनि बारम्बार उन्मुक्ति पाउँदै आएका थिए। हाल उनी व्यवस्थापिका संसदको सदस्य छन्। थापाको नेतृत्वकालमा नेपाली फुटबलको स्तर धराशयी भएको छ। नेपाली फुटबलको स्तर सार्क मुलुकमै पुछारमा छ। नेपाली फुटबलको स्तर माथि आउन नसक्नुमा खेलाडी र प्रशिक्षक जति जिम्मेवार छन, नेतृत्वकर्ताका हैसियतमा थापा पनि त्यत्तिकै बढी जिम्मेवार छन्। पछिल्लो समय नेपाली राष्ट्रिय टोलीका क्याप्टेनदेखि खेलाडी र प्रशिक्षकसमेत खेल मिलेमतोमा संलग्न भएको आरोपमा पक्राउ परेपछि एन्फा अध्यक्षका नाताले थापामाथि छानबिन हुनुपर्ने माग उठेको थियो। सीमित खेलाडीले मात्र चाहेर मिलेमतो हुनु त्यति सहज काम हुन सक्दैन। तर, उनीमाथि औंलो उठाउने साहस राज्यको सरोकारवाला निकायले गरेको देखिएन। एन्फाको आर्थिक क्रियाकलाप पारदर्शी नभएको, वैदेशिक सहायता आफूखुसी खर्च गरेको, रंगशालाको टिकट बिक्रीको रकम आम्दानीका रूपमा नदेखाएको लगायतका आरोपमा एन्फा उपाध्यक्ष र अन्य पदाधिकारीले थापाविरुद्ध उजुरी गरेपछि संसद्को सार्वजनिक लेखा समितिले छानबिन गरी उनले झन्डै ५८ करोड अनियमितता गरेको भन्दै थप कारबाहीका लागि सम्बन्धित निकायलाई सिफारिस गरेको थियो। कारवाहीको सिफारिशिका कारण उत्पस्न्न विवादका बीच थापा नेपाल सरकारबाटै मनोनीत भई संविधानसभा सदस्य बन्न सफल भए र छानविन प्रक्रिया नै हरायो। अहिले फिफाले थापालाई सन् २००९ र ०११ को फिफा कार्यसमिति निर्वाचनको सन्दर्भलाई लिएर एएफसी कंग्रेसमा आचारसंहिता विपरीत गलत क्रियाकलाप गरेको, आफ्नो परिवार र आफ्नो फाइदाका लागि अर्को फुटबल संघका पदाधिकारीसँग रकम लिएको लगायतका कारण देखाएर कारबाही गरेको छ। स्वदेशमा उन्मुक्ति पाउँदै आएका थापा अहिले फुटबलको आधिकारिक सर्वोच्च निकायबाटै कारबाहीमा परेपछि उनले भ्रष्टाचार गरेको प्रमाणित भएको छ। अब स्वदेशमा पनि उनीमाथि थप छानबिन गर्नु पर्दछ र दोष अनुसारको कारवाहीको भागीदार बन्नै पर्दछ। त्यसका लागि सम्बन्धित निकायको ध्यान पुगोस।

# जनताको चुल्हो बालिदेउ



✍ प्रकाश बराल

दशैं तिहार जस्ता चाडपर्वलाइ खाद्यान्न आपूर्ति पुऱ्याउन प्रशासनले बजार अनुगमन गऱ्यो। कम्तिमा एक महिनालाइ खाद्य संचिती भएको, समय समयमा थपिने सामानले थप सहज बन्दै जाने संभावना देखियो। उपभोक्तावादी संस्थालेपनि यो अभियानलाइ सहयोग गरे। दैनिक उपभोग्य सामान जस्तै पेट्रोल, डिजेल र एलपी ग्याँस पनि हाम्रो दैनिकीमा नभइनहुने साधन भैसकेको छ। तर भदौं पछि बागलुङमा ग्याँस भित्रिएको कुनै जानकारी छैन। तरपनि उच्च प्रशासक र उद्योगी व्यपारीको भान्सा सजिलै पाकेको छ। उनीहरुले नीजि सवारी साधन चढेर कहिले पोखरा, कहिले काठमाडौं पनि हिडिरहेका छन्। तर बास्तविक उपभोक्ता, गरिव, विपन्न र किसानको चुल्हो बल्न छाडेको छ। ग्रामीण क्षेत्रमा बस्नेको घरमा नुन, तेलको अभावले दाउरा भएर पनि चुल्हो बल्न सकेको छैन भने बजारमा बस्नेको एलपी ग्याँसको अभावले चुल्हो निभेको हो।

महंगीले आकाश छोइरहेको समयमा ऋण काढेर दैनिकी गुजार्न बाध्य भएका उपभोक्ताले कहिले चुल्हो बाल्न पाउने हुन् यो अहिले जनजनको प्रश्नको रुपमा खडा भएको छ। प्राइभेट सवारी भएकाहरुले भनेकै समयमा सवारी चढेर ओहोर दोहोर गरिरहेका छन् र उनीहरुको घरघरमा ग्यालेन, ड्रम र बोतलमा भरेर राखेका पेट्रोल छ मानौ घरघरमा डिलर छ। तर सर्वसाधारण जनता चढ्ने सार्वजनिक यातायातका साधनमा भने तेल दिने सुरसार छैन। दिएपनि एउटा गन्तव्य नपुग्ने गरी तेल दिइएको छ। पर्याप्त नदिएकै कारण सदरमुकामदेखि गाउँ सम्म पुग्ने सवारीले यात्री ओसार्न पाएका छैनन्, अधिकांशले पैदलै यात्रा गर्न बाध्य छन् भने कतिपयले बजार झर्ने कार्यक्रम बनाउन पनि छाडेका छन्। काठदाउरा बाल्ने, भुसे चुल्हो र विद्युतबाट खाना पकाउने जस्ता काम गरेर कतिपयले गर्जो टारेका छन्। सार्वजनिक यातायातका साधन पाउन छाडेपछि विरामी, असक्तहरुले अस्पताल जान पाएका छैनन्। ट्याक्सीले दुइ हजारको बाटोलाइ ६ हजार देखि १० हजार रुपैयाँ माग्ने गरेको छ।

आम जनता त्यस्ता व्यवहारबाट दिक्क भएका छन्। बिरामीको उपचार लगायतको लागि ऋण खोजेर पनि महंगो भाडा तिरेर शहर पस्न बाध्य उपभोक्ताको मन यतिवेला रोएको छ। भारतले दुइमहिना यता गरेको अघोषित नाकाबन्दीले देश संकटमा छ तर पूँजिपति र उच्च ओहदाका मनिसलाइ कुनै असर गरेको छैन। त्यसको मारमा धेरै उद्योगहरु बन्द भएका छन् तर भोकै मर्ने अवस्थामा भने सर्वसाधारण जनता, मजदुर र किसान पुगेका छन्। यात्रुवहाक सार्वजनिक यातायातका साधन चल्न सकेका छैनन्। विकास निर्माण, ठूला आयोजना, होटल रेष्टुरेन्ट सबै बन्द भएका छन्। त्यसबाट लाखौं नेपालीको रोजीरोटी गुमेको छ। दिनभरी कमाएर खानेहरुलाइ अहिले हातमुख जोर्न समस्या भएको छ। तर यो अप्ठ्यारो अवस्थाको फाइदा उठाएर आम उपभोक्ता लाइ ठग्ने, कालो बजारी गर्ने, गैरकानूनी रुपमा सामानहरु ओसार पसार गर्ने तथा जोखिम युक्त रुपमा पेट्रोलियम पदार्थको विक्रि वितरण र भण्डारन गर्ने प्रवृत्ति दिन दिनै बढेको छ। एकातर्फ मिसावट भएको तेल ब्ल्याकमा विक्रि गर्ने क्रम बजारमा बढेको छ। जसको कारण सवारी साधनको इन्जिन विग्रने, बाटोमा हिड्दा हिड्दै सवारी साधन अलपत्र पर्ने लगायतको समस्या बल्झिन थालेको छ भने अत्यावश्यक काम परेर हिडेका यात्री, विरामी र असक्ताको बिचल्ली हुन थालेको छ। तर हाम्रो प्रशासन यस्तो जटिल अवस्थामा पनि आँखा चिम्लेर बसेको छ। यहाँ भएका सबै प्रकारका अनियमितताको बारेमा बेखवर भएर बसेको छ। त्यसोत कर्मचारीले हेरेर वा धानेर देश धानिने होइन, तर कम्तिमा गैर कानूनी काम गर्न खोज्ने वा गरेकालाइ प्रशासनले नमूनाकै रुपमा भएपनि कारवाही गरेर देखाउन सक्नुपर्छ। नत्र दिनदिनै यस्ता प्रकारका गैरकानूनी कामहरु मौलाएर जान थाल्नेछन्।

यस्ता कामबाट देशको अर्थतन्त्र र राष्ट्रियता कमजोर बन्दै जानेछ। नागरिक स्तरबाटै भएपनि अनुगमन गर्ने, गुणस्तर, मूल्य तथा जुनसुकै क्षेत्रमा कालो बजारी गर्ने, गुणस्तरहिन विक्रि वितरण, ठगी लगायतको गलत क्रियाकलाप गर्नेलाइ कारवाही गर्ने वातावरण तयार गर्नुपर्ने बेला आएको छ। अहिले आम उपभोक्ताले खेपेको सास्तीका बाबजुत पनि सडकमा आएका छैनन्। यदी भोलीका दिनमा आम उपभोक्ता र जनताहरु सडकमा आएर आफ्नो न्युनतम खाद्य अधिकार, अत्यावश्यक उपभोग्य सामाग्रीको खोजी गर्दै सडकमा उत्रेमा सरकारले धान्न नसक्ने आन्दोलन बन्नेछ। तराइले नाकाबन्दीको रुपमा गरेको यस्तो आन्दोलन भन्दा आम नागरिक सडकमा उत्रेर सरकार विरोधी गतिविधि गर्न थालेमा त्यो थामिनसक्नु बन्ने निश्चित छ। तर अहिले सम्म वर्तमान सरकारले यस्तो बारेमा सोचेको छैन। राष्ट्रियता जोगाउने आम नागरिकको कर्तव्य हो। तर भारत र चीत जस्ता महाशक्ति राष्ट्रसँग पौठेजोरी खेलेर पनि नेपालले पार लगाउन सक्ने विषय होइन। पहरालाइ कुइनाले ठेलेजस्तो गरेर हामीले राष्ट्रियता मात्र होइन आम नागरिक, उपभोक्ताको न्युनतम आधारभूत आवस्यकता पनि जोगाउन सक्दैनौं।

बरु भएको श्रोत साधनलाइ उचित र आवश्यकताको आधारमा वितरण गर्ने, कालो बजारी नियन्त्रण, भ्रष्ट्राचार नियन्त्रणलाइ पहिलो प्राथमिकता दिदै छिमेकी देशहरुसँग कुटनीतिक रुपमा पहल गर्ने र राज्यको आन्तरिक समस्यालाइ समाधान गर्दै लैजानुपर्छ। बर्तमान अवरोध साँचिकै भारतको नाकाबन्दीको परिणाम हो वा आन्तरिक रुपमा पनि सिर्जना भएको हो दुवै तर्फ अध्ययन गरेर सबैलाइ मिलाएर लैजान सक्नुपर्छ। आम नेपाली जनता र उपभोक्तालाइ पाखा लगाएर वा छिमेकीको कुटनीतिक सम्बन्ध विगारेर कसैपनि हित हुन सक्दैन। बरु परस्पर सहयोग र सहकार्यमा अगाडि बढेर काम गर्न सकेमा मात्र दुइ देशको सम्बन्ध पनि प्रगाढ बढाउन सकिन्छ। राष्ट्रिय रुपमा सरकारले आफ्नो जिम्मेवारी बहन गर्दै देशलाई उपनिवेशिक बन्नबाट जोगाउने र आम नागरिकलाइ पनि परिश्रम गरेर खाँदा फल मिठो हुन्छ भन्ने सन्देश दिन सक्नुपर्छ। त्यसका लागि सरकारले जस्तोसुकै जटिल परिस्थितिलाइ सामना पनि गर्न सक्नुपर्छ। स्थानीय रुपमा पनि आम उपभोक्ताले खेपेको सास्तीलाइ समाधान गर्न गम्भिर रुपमा लाग्न जरुरी छ। उपभोक्तावादी संस्था, सर्वसाधारणको समस्यालाइ गहिराइमा बुझेर समाधान गर्न नसके समस्या ज्युँकात्युँ रहने संभावना छ। अझैपनि ग्याँस, तेल र अत्यावस्यक सामाग्रीहरु लुकाएर विक्रि गर्ने, जनतालाइ ठग्ने र कालो बजारी गर्ने प्रवृत्तिलाइ प्रशासनले आँखा चिम्लिदिने प्रवृत्ति सुधार गर्न नसके देशले भोलीका दिनमा झन ठूलो समस्या भोग्न बाध्य हुनेछ। आम नागरिकले भोको पेटले सडकमा उत्रेर गर्ने आन्दोलनले उग्र रुप लिन सक्छ। विश्वका धेरै देशमा पनि यस्ता समस्या र आन्दोलन देखिएका छन्। राजनीतिक, प्रशासनिक जस्ता पहुँचको भरमा जनतालाइ दुःख दिने र पहुँचवालालाइ सेवा दिने कामले प्राथमिकता पायो भने देशकै लागि घातक हुन्छ भन्ने सबैले बुझेर संकटको समयमा धैर्य गर्न सिकाउने र भएका उपभोग्य सामाग्रीको समान रुपमा वितरण गर्ने परिपाटी विकास गरेमा आगामी दिनमा जनताले राज्यलाइ सहयोग र समर्थन गर्नेछन्।

साभार : जनमञ्च

# समर्पण र डल्फिन लायन्सको मधुमेह शिविर

✍ **गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर।**

लायन्स क्लब अफ पोखरा समर्पण र डल्फिनको संयुक्त आयोजनामा एक दिने मधुमेह सचेतना शिविर शनिबार पोखरामा सम्पन्न भएको छ। एरिया वेल्फेयर सेन्टर रामघाट-१० पोखरामा सञ्चालित उक्त शिविरबाट क्लबका पदाधिकारी, स्थानीय वासिन्दा र सेन्टरका कर्मचारीहरुको खालीपेट र खानापछि दुवै चरणको मधुमेह परिक्षण गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि पिएमजेएफ पूर्व डिष्ट्रिक्ट गभर्नर योगन्द्र प्रधानले व्यवस्थापन पक्ष उत्तम रहयो भने नेपाललाई नै स्वर्ग बनाउन सकिने बताए। अतिथि प्रधानले जुनसुकै संघसंगठन, पेशा व्यवसाय सञ्चालन गर्दा अनुशासनमा रहयो भने त्यसले उच्चतम प्रतिफल दिने धारणा व्यक्त गरे। लायन्स क्लब अफ पोखरा डल्फिनका अध्यक्ष गोविन्द शाहीले मधुमेहको निधानका लागि पहिला आफै सचेत रहनुपर्ने बताए।उनले समर्पणको स्नेहमा आफ्नो क्लबलाई पनि राम्रा कार्यहरुमा सहभागिता जनाउने अवसर दिएकोमा आभार व्यक्त गरे।

अध्यक्षको आसनबाट बोल्दै आभा जोशीले २०१५ मा ३७ करोड व्यक्तिलाई मधुमेह देखिएको र २०३० मा यही रुपमा यसलाई छोड्ने हो भने त्यसको संख्या ५५ करोड पुग्ने विभिन्न तथ्याङ्कहरुले देखाएकाले समयमै सचेत गराउनका लागि यस्ता सचेतना कार्यक्रमहरु गर्ने गरिएको बताइन्। एरिया वेल्फेयर सेन्टरका मेडिकल अफिसर लप्टन ठाकुर सिं गुरुङले असहज परिस्थितिको अवस्थामा पनि सेन्टरमा आएर यस्तो सुन्दर कार्यक्रमको संयोजन गरेकोमा आभार व्यक्त गरे। कार्यक्रममा सेन्टरका डाक्टर सतिश गुरुङले मधुमेह लाग्नु भन्दा अगाडिदेखि त्यसको निधानसम्मका लागि के कसरी सचेत रहन सकिन्छ भन्ने बारेमा प्रोजेक्टरको माध्यमबाट सर्वसाधारण सबैले बुझ्ने गरी सचेतना गराएका थिए। कार्यक्रममा डल्फिन क्लबका तीलकबहादुर गुरुङले ध्वजाको अभिवादन राखेको कार्यक्रमको सञ्चालन सविच मिना लाभाजुले गरेकी थिइन्।

# बाल हितकारी परियोजनामा पहारी

✍ **गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर।**

बाल हितकारी परियोजना नेपालको हालै भएको साधारणसभा तथा अधिवेशनले दुई वर्षका लागि पुनः गोविन्दराज पहारीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको छ। संस्थाको उपाध्यक्षमा सानुमाया आचार्य, सचिवमा डिलबहादुर भट्टराई, कोषाध्यक्षमा लोकमणि ढकाल, सदस्यहरूमा रामचन्द्र शर्मा, रश्मिला श्रेष्ठ र राजेन्द्र लिगल छन्। साधारणसभाले कोषाध्यक्षको रामचन्द्र शर्माको आर्थिक प्रतिवेदन र सचिव रश्मिला श्रेष्ठको प्रगति प्रतिवेदन पारित गरेको छ। संस्थाका अध्यक्ष गोविन्दराज पहारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रवन्ध निर्देशक माधव आचार्यले गरेका थिए। संस्थाले आशा क्लिनिक, ज्योति व्यवसायिक तालिम केन्द्र, सडक बालबालिका लागि विभिन्न कार्यक्रम, विभिन्न गाविसमा १४ बाल विकास केन्द्र सञ्चालन गरिरहेको छ। अध्यक्षमा निर्वाचित भएपछि पहारीले बाल अधिकार सुनिश्चित गर्न, स्वास्थ्य र शिक्षामा बालबालिका पहुँचको विषयमा वकालत गर्न, सडक बालबालिका लाई समाजमा पुनर्स्थापना गर्न र अन्य संस्थाहरूसँग समन्वय गरी बालबालिकाको हितमा काम गर्ने बताए।

# लामास्वारामा युवा क्लव गठन

✍ **गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर।**

पोखरा उपमहानगरपालिका वडा नं १७ मा रहेको लामास्वारामा युवाहरुको एक भेलाले एक युवा क्लव गठन गरेको छ। गगन घिमिरेको अध्यक्षतामा नौ सदस्यीए नवोदय युवा क्लव गठन गरिएको हो। नवगठित युवाक्लवको उपाध्यक्षमा अनिता पोखरेल, सचिव नर बहादुर रोका, सह- सचिवमा सिर्जना के.सी, कोषाध्यक्षमा बिन्दीया गुरुङ्ग रहेका छन।

त्यसैगरि सदस्यहरुमा प्रताप पौडेल,सुजन गुरुङ्ग,शर्मिला लिम्वु,आरती हमाल रहेका छन। पोखरा उपमहानगरपालिका भित्र रहेर पनि पछाडी रहेको लामास्वाराको विकास र पहिचानका लागि क्लव गठन गरेर युवाहरु संगठित भएको नवगठित अध्यक्ष पोखरेलले बताए। ऐतिहासिक ढुंगेसाँघु को चिनारी र सो क्षेत्रमा रहेका अन्य धार्मिक तथा रमणिय क्षेत्रहरुको प्रचार गरि आन्तरिक पर्यटनको बिकासका लागि युवाहरु लागि पर्ने उनले बताए। बस्ती भित्र छरिएर रहेका युवाहरुको क्षमतालाई समेत एकीकृत गर्ने उद्देश्य राखिएको उनको भनाई थियो।

# विपिमार्ग निर्माण समिति गठन

**पोखरा ५ मंसिर।(गोल्डन)**

पोखरा उप-महानगरपालिका वडा नं. १४ विपिमार्गमा रहेको कास्की मोडनाइज्ड एकेडेमीमा शनिबार भएको सरोकारवाला, राजनीतिज्ञ, समाजसेवी, शिक्षाप्रेमी, स्थानीयवासीको भेलाले ध्रुवप्रसाद सुवेदीको संयोजकत्वमा १३ सदस्यीय विपि मार्ग निर्माण सरोकार समिति गठन गरेको छ। समितिको सदस्यहरुमा नविन सापकोटा, उपेन्द्र न्यौपाने, रामकुमार राई, शितल हमाल, शोभाकान्त ढकाल, तारादेवी सुवेदी, नरेशबहादुर कार्की, विश्वनाथ ओझा, लक्ष्मण रानाभाट, किशोर श्रेष्ठ, प्रदिप रञ्जित र फडिन्द्र प्रसाद शर्मा रहेका छन्।

त्यस्तै भेलाले सल्लाहकार समितिमा पुलेन्द्रमान श्रेष्ठ, बजिरमान श्रेष्ठ, शोभियतबहादुर अधिकारी, विश्व सिग्देल, रामगोपाल ढेवाजु, विश्व पालिखे, विमल बस्याल, प्रीतिराज सापकोटा, दिपेन्द्र श्रेष्ठ, रामबहादुर मोची, नारायण गुरुङ, नरेन्द्रमान श्रेष्ठ, शिवकुमार रञ्जित र भोजराज सापकोटालाई चयन गरिएको लक्ष्मण रानाभाटले जानकारी दिए।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल मंसिर ६ गते आइतबार, तदनुसार नवेम्वर २२ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको एकादशी तिथि १६ घटि ३४ पला अर्थात दिनमा १ बजेर ०८ मिनेटसम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ। आज सूर्य तुला राशिमा, चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ३२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३१ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०८ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ।

**वृष** : दाजुभाई बीच मनमुटाव हुन सक्नेछ, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको कार्यहरु रोकिनेछन्।

**मिथुन** : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने।

**कर्कट** : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ।

**सिंह** : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ।

**कन्या** : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

**तुला** : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

**वृश्चिक** : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ।

**धनु** : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदैशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुनेछन्।

**मकर** : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकाइ बढ्नेछ।

**कुम्भ** : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

**मीन** : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक सक्रियता बढ्नेछ काममा सक्रियता बढनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

बैंक व्यालेन्स
बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस्।
सम्पर्क
९८२६१-०६६०२

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार।
महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# पद्म नर्सिङ सहकारीको अधिवेशन, अध्यक्षमा पुनः पौडेल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**




पद्म नर्सिङ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा पुन स्जितेन्द्र पौडेल चयन भएका छन । संस्थाको चौथो साधरणसभा तथा दोस्रो अधिवेशनले पुन : पौडेललाई अध्यक्षमा निर्बिरोध चयन गरेको हो । संस्थाको उपाध्यक्षमा लक्ष्मी कुँवर, सचिवमा कृष्ण आचार्य र कोषाध्यक्षमा नरेश पौडेललाई चयन गरेको छ । त्यसैगरी सदस्यहरुमा नरेन्द्र बास्तोला, होमनाथ पौडेल, डिल्ली राम शर्मा, अञ्जना थापा, कालिदाश शर्मा निर्वाचित भएका छन् । संस्थाको लेखासमिति संयोजकमा गिरीधारी अधिकारी र सदस्यमा राजु थापा र पुर्णकुमारी गुरुङ लाई चयन गरेको छ । त्यस्तै ऋण समिति संयोजकमा नरेन्द्र बास्तोला र सदस्यमा सन्तोष अधिकारी र पार्वती श्रेष्ठलाई चयन गरेको छ । शिक्षा समितिमा अन्जना थापाको संयोजकत्वमा उमाकान्त रेग्मी र लक्ष्मी शर्मा चयन भएका छन । संस्थाको सल्लाहकार समितीमा बद्री केसी, बावुराम पौडेल र भरत पौडेल रहेका छन ।

साधारण सभाको उद्घाटन गर्दै पत्रकार गीता राना मगरले सहकारीले उत्पादन संगै वेरोजगार युवाहरुलाई रोजगारी समेत सिर्जना गर्दै आइरहेको परिप्रेक्षमा स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा पनि यस्ता सहकारीले आफ्नो लगानीलाई बढावा दिन सकेको खण्डमा स्वास्थ्य सेवा सवैको पंहुचमा सहजै पुग्ने वताए । सहकारीले आफ्नो क्षेत्रलाई अझै विस्तार गरेर शेयर सदस्यको जीवनस्तर उकास्नका निम्ति हाइड्रोपावर, विकास निर्माण, उद्योग कलकारखानाका साथै कृषि उद्योगमा पनि लगानी गर्न आवश्यक रहेको उनको भनाइ रहेको थियो । कार्यक्रममा वोल्दै पद्म नर्सिङ होमका कार्यकारी निर्देशक नरेन्द्र बाँस्तोलाले विकासको निम्ति हरेक गाउ टोलमा सहकारी स्थापना गर्न जरुरी रहेको वताउदै सहकारीको माध्यमबाट बिकास निर्माणलाई वढवा दिनुपर्नेमा जोड दिए । सहकारीका अध्यक्ष जितेन्द्र पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ हाडजोर्नी रोग विशेषज्ञ यज्ञमान शाक्य, सहकारीका उपाध्यक्ष लक्ष्मी कुँवर, कोषाध्यक्ष नरेश पौडेल, साधारण सदस्य गिरीधारी अधिकारी र सन्तोष अधिकारी लगायतले वोलेका थिए । कार्यक्रमको सञ्चालन सहकारीका सचिव कृष्ण आचार्यले गरेको थिए । साधारणसभामा अध्यक्ष जितेन्द्र पौडेलले अध्यक्षको प्रतिवेदन, सचिव कृष्ण आचार्यले सांगठनिक प्रतिवेदन र लेखा संयोजक नरेन्द्र बास्तोलाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका प्रतिवेदन साधारणसभाले पारित गरेको संहकारीले जनाएको छ ।

# पाचौं सुगम संगीत यात्रा शान्ति वनवाटिकामा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

पोखराबाट सञ्चालित सुगम सङ्गीत यात्राको पाँचौं शृङ्खला पोखराको शान्ति वन वाटिकामा सम्पन्न भएको छ । अनुपम म्युजिक पोखरा, त्रिवेणी सङ्गीतालय र जे. ई. म्युजिक एकेडेमीको संयुक्त अयोजनामा सम्पन्न यात्रामा स्थापित र नवोदित प्रतिभाहरुले आफ्ना प्रतिभा प्रस्तुत गरेका थिए । आयोजक त्रिवेणी सङ्गीतालयका प्रबन्ध निर्देशक नवराज बरालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि शिक्षासेवी शेरबहादुर गुरुङले नेपाली सङ्गीतका क्षेत्रमा सुगम सङ्गीत यात्राले नयाँ आयाम थप्ने विश्वास व्यक्त गरे । उनले सङ्गीतका माध्यमबाट राष्ट्रको सर्वाङ्गीण विकास सुगम सङ्गीत यात्राका आयोजक संस्थाहरुले पहिलेदेखि नै महत्त्वपूर्ण भूमिका खेलेका स्मरण गर्दै गुरुङले भविष्यका कर्णधारहरुलाई पनि यसले धेरै कुरा सिकाउने बताए । कार्यक्रममा समाजसेवी प्रेम कर्माचार्यले सुगम सङ्गीत यात्रा एक शुभ यात्रा भएकाले आफूले सक्दो सहयोग गर्ने वचन दिए । कार्यक्रममा रामभक्त जोजिजू, उमा चौधरी, शङ्करमान परियार, बलराम गिरी, अमिषा ढुङ्गाना, प्रज्ज्वल जोजिजू, सुनिल बराल, बिक्की गुरुङ, मनिष भट्ट, समीर गैरे, हिरा गुरुङ, आरती सापकोटा लगायतले गायन प्रस्तुत गरेका थिए । अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारीको सञ्चालन र जे.ई म्युजिकका प्रबन्ध निर्देशक रामभक्त जोजिजूको स्वागतमा भएको कार्यक्रममा रुपिन्द्र प्रभावीले धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रममा सुगम सङ्गीत यात्राले तिहारमा सम्पन्न गरेको देउसी/भैलो कार्यक्रममा सहभागीहरुका लागि वनभोज कार्यक्रमको पनि आयोजना गरिएको थियो । नयाँ प्रतिभालाई मञ्च प्रदान गर्ने र पुराना स्रष्टालाई सम्मान गर्दै नेपाली गीत सङ्गीतको संरक्षण, सम्बर्द्धन र विकास गर्नेलगायतका उद्देश्य सहित हरेक महिनाको पहिलो शनिबार कार्यक्रम हुँदै आएको छ ।

# पौडेलको कथा संग्रह 'दुखान्तको वेदना' विमोचन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

पोखरा चिसाखोला वेद विद्याश्रम पोखरा-२६, चिसाखोला आश्रम कास्कीमा कक्षा १० का विद्यार्थी मिलन पौडेलद्वारा रचित दुखान्तको वेदना नामक कथा संग्रहको विमोचन कार्यक्रम शनिबार विद्याश्रम प्रांगणमा सम्पन्न भएको छ ।

पुस्तकको विमोचन गर्दै जिल्ला शिक्षा कार्यालय कास्कीका श्रोत व्यक्ति मोहदत्त पोखेलले ज्ञान र विज्ञानको चरम दुरुपयोग हुँदा संसारमा ठूला ठूला दुर्घटना हुने गरेको बताउँदै संस्कृत शिक्षाले मात्र जीवनमा सही मार्ग मिल्ने बताए । पोखेलले सानै कृति लेखक पौडेलले उमेरदेखि साहित्यिक रचनाको यात्रा प्रारम्भ गरेकोमा खुसि व्यक्त गर्दै संस्कार र संस्कृतिको जगेर्ना हामी सबैले गर्नुपर्नेमा जोड दिए । विद्याश्रमका संस्थापक अध्यक्ष तथा मानार्थ प्रमुख संरक्षक मोक्षनाथ तिमिल्सिनाले संस्कृत शिक्ष पढ्दैमा पण्डित र पाण्डित्य पेशामा जानु भन्ने नभई त्यस विषयमा पारंगत हुनु भन्ने बुझ्नुपर्ने बताए । उनले वैदिक संस्कृत शिक्षाको अवहेलना हुँदा साक्षर समाजमा समेत विकृति विसंगति फैलिदै गएकोमा चिन्ता व्यक्त गरे । विद्याश्रममा आधुनिक तथा संस्कृत शिक्षा दुवै विषयमा अध्ययन अध्यापन हुने भन्दै उँहाले कृति लेखक पौडेलले लेखेको कृतिको समेत समिक्षा गरेका थिए । विद्याश्रम कार्यसमिति अध्यक्ष भगवती अधिकारीको सभापतित्वमा भएको कार्यक्रममा विद्याश्रमका प्रमुख संरक्षक अग्निहोत्र पं. केदारनाथ उपाध्यायले आशिर्वाद दिनुभएको थियो भने विद्याश्रम व्यवस्थापन समितिका अध्यक्ष मणिरत्न अधिकारी, विद्याश्रमका प्रधानाध्यापक श्रीराम तिमिल्सिना, विद्याश्रम बालक्लवका अध्यक्ष विशाल पौडेल, कृति लेखक मिलन पौडेल, शिक्षक यमप्रसाद तिमिल्सिना लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

# 'कालोबजारी र अनियमितता नियन्त्रण नभए मन्त्री फिर्ता'

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ५ मंसिर ।**

एकीकृत नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहालले कालोबजारी र अनियमितता नियन्त्रण गर्न पार्टीका तर्फबाट सरकारमा सहभागी भएका मन्त्रीलाई निर्देशन दिएका छन्। नेपाल सम्वत्को नयाँबर्षको अवसरमा एमाओवादी कीर्तिपुर नगर समितिले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सङ्कटको समयमा कालोबजारी नियन्त्रण गर्न असफल भए तुरुन्त मन्त्रीबाट फिर्ता बोलाइने बताए। उनले भने-'भ्रष्टाचार र कालोबजारी हाम्रा लागि सह्य छैन, कालोबजारी र अनियमितता नियन्त्रण गर्न नसके तुरुन्त मन्त्रीबाट फिर्ता बोलाउँछु । कोही कसैलाई पनि छुट दिने पक्षमा आफू छैन । जनताको दु:खमा कोही पनि रमिते बन्न पाउँदैन र मिल्दैन ।' उच्चस्तरीय समितिका संयोजकसमेत रहेका अध्यक्ष दाहालले उपलब्ध भएका इन्धनको न्यायोचित, समानुपातिक र विश्वसनीय वितरण प्रणाली अपनाउन सरकारलाई आग्रह गरे। नेपाल र नेपाली जनताले संविधान बनाएबापत भारतको नाकाबन्दी खेप्नुपरेको उल्लेख गर्दै उनले विषम अवस्थामा जनताले देखाएको धैर्यता र राष्ट्रिय स्वाभिमानलाई जोगाइराख्नुपर्नेमा जोड दिए।

समानुपातिक, समावेशी सहितको दक्षिण एसियाकै उत्कृष्ट र गतिशील संविधान जारी भएको बताउँदै उनले आगामी दिनमा त्यसमा देखिएका कमीकमजोरी सच्याएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गए। मुलुकले भोग्नुपरेको विषम अवस्थालाई अवसरमा परिणत गर्दै मुलुकलाई आत्मनिर्भर बनाउने समय आएकाले त्यसतर्फ सबैको साथ र सहयोग आवश्यक रहेको उल्लेख गरे।

भूकम्पको समयमा जनताले भोग्नुपरेको समस्यालाई ध्यानमा राख्दै सरकारको विरोध गर्ने जस्तो सङ्किर्ण राजनीतिमा आफूहरु नलागी सरकारलाई २७ बुँदे सङ्कल्प प्रस्ताव पारित गर्न लगाइ सहयोग गरेको स्मरण गरे। जनता र मुलुकलाई केन्द्रमा राखेर निष्ठा र मूल्यको राजनीतिक संस्कार स्थापना गरेको उल्लेख गर्दै उहाँले हालको सङ्कटको समयमा सत्तापक्ष र प्रतिपक्ष नभनीकन एकताबद्ध भएर अगाडि बढ्न नेपाली काँग्रेसलाई आग्रह गरे।

शान्ति प्रक्रियालाई पूर्णता प्रदान गर्दा आफ्नो पार्टी फुटेको र संविधान जारी भएपछि पनि पार्टीले क्षति व्यहोर्नु परेको भन्दै उनले नेकपा-माओवादीसँग पार्टी एकताको प्रक्रिया अगाडि बढेको बताए। उनले भने-'विभिन्न रुपमा रहेका माओवादी पार्टी अब एक ढिक्का हुन्छ र जनतामा जान्छ । जो एकता प्रक्रियामा आउँदैन त्यसले मुलुक र जनताप्रति ठूलो भूल गरेको ठहरिनेछ ।'

# अर्को मोर्चा गठन

**पोखरा ५ मंसिर ।**

*चार वटा मधेशवादी दलहरुले मधेश आन्दोलनलाई चर्काउन भन्दै अर्को मोर्चा गठन गरेका छन्। जारी मधेस आन्दोलनलाई सशक्त र थप प्रभावकारी बनाउन भन्दै शरदसिंह भण्डारीको नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी, राजकिशोर यादवको नेतृत्वको मधेसी जनअधिकार फोरम गणतान्त्रिक, अनिल झाको नेतृत्वको नेपाल सदभावना पार्टी र तराई मधेस राष्ट्रिय अभियानले समावेशी मधेसी गठबन्धनका नाममा नयाँ मोर्चा गठन गरेका हुन्। नयाँ मोर्चामा आवद्ध दलमध्ये राष्ट्रिय मधेश समाजवादी पार्टीसँग तीन जना तथा फोरम गणतान्त्रिक र सद्भावनासँग एक एक जना सांसद् छन्। तराई मधेस राष्ट्रिय अभियान भने भ्रष्टाचार गरेको प्रमाणित भएपछि जेल सजाय काटेका पूर्वमन्त्री जयप्रकाशप्रसाद गुप्ताको नेतृत्वमा छ। चार दलका नेताले शनिबार जनकपुरमा पत्रकार सम्मेलन गरी गठबन्धनको घोषणा गरेका छन्। सरकार र सत्तारुढ दलहरुले मधेश आन्दोलनले उठाएका माग सम्बोधन गर्न गम्भिरता नदेखाएकाले गठबन्धन गठन गरेको चार दलका नेताले बताएका छन्। चार दलका नेताले आफ्नो गठबन्धन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको प्रतिस्पर्धी नभएको बताए।*

**गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न**
Log on : www.goldennews.com.np

# खाजा खर्च सुत्केरी भेटलाई

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

तनहुँ शुक्लागण्डकी नगरपालिकाका महिला स्वास्थ्य स्वयम्सेविकाले आफ्नै खर्चमा सुत्केरी प्रोत्साहन गर्नका लागि 'सुत्केरी भेट' कार्यक्रम गरेका छन् । स्वास्थ्य चौकीसम्म आएर सुरक्षित सुत्केरी गराउन महिलाहरुलाई प्ररित गर्न महिला स्वयंसेविकाहरुले यस्तो कार्यक्रम सुरु गरेका हुन् । 'अहिले पनि धेरै महिला स्वास्थ्य चौकीमा आएर सुत्केरी सेवा लिन गाह्रो मान्छन्', स्वयम्सेविका लक्ष्मी सिग्देलले भनिन्, 'सरकारी स्वास्थ्य चौकीमै आएर सुरक्षित सुत्केरी गराउन भनेर सुत्केरी भेट कार्यक्रम सुरु गरेका हौं ।' स्वास्थ्य चौकीमा सुत्केरी गराए वापत सरकारले उपलब्ध गराउने रकम बाहेक स्वमसेविकाहरुले पोषणयुक्त खाना र अन्य थप सहयोग गर्ने गरेको सिग्देलले बताइन् । नियमित चेकजाँच गराएर सोही स्वास्थ्य चौकीमा सुत्केरी गराउने ४ जनासँग सुत्केरी भेट कार्यक्रम भैसकेको र यो क्रम जारी रहने उनीहरुले बताए । उनीहरु सुत्केरीलाई घरमै भेट्न जाने, गर्भवती महिलालाई पनि स्वास्थ्यचौकी चेकजाँच तथा सुत्केरी गराउन आउन आग्रह गर्दै जनचेतना जगाउने गरेका छन् ।

# देउसी भैलो खेलेर संकलित रकमले पिकनिक

**पोखरा ५ मंसिर ।(गोल्डेन)**

तिहारको अवसरमा साथीभाई संग मिलेर देउसी भैलो खेलेर तिहार पछि भने वनभोज जानेक्रम सुरु भएको छ । ग्रामिण भेगमा धान थन्क्याउने समय भएपनि शहरी क्षेत्रमा केही मानिसहरु भने मंसिर सुरु हुनासाथ वनभोज जान थालेका छन । विशेषगरि तिहारको अवसरमा टोलमा देउसी भैलो खेलेर जम्मा भएको रकमले सबैजना जम्मा भएर रमाईलो गर्ने भन्दै कास्की जिल्लाका बिभिन्न पिकनिक स्पटहरुमा यतिबेला विद्यार्थीहरु तथा बिभिन्न संघ-संस्थाका मानिसहरु मिलेर वनभोजका लागि जान थालेको पाईएको छ । शनिबार बिद्यालय तथा अफिसहरु पनि बन्द हुने भएकाले पनि मानिसहरु अरु दिनमा भन्दा शनिबार नै वनभोजका लागि जाने गरेको बालगृह सञ्जाल पश्चिमाञ्चल महासचिव बिजय कुमार प्रधानले बताए । नेपाली परम्परा अनुसार देउसी खेलेको घरबाट केही दक्षिणा दिने चलन छ । देउसी खेलेको घरमा दिएको दक्षीणाबाट जम्मा भएको रकमले बनभोज गएर रमाईलो गर्नेहरुमा विद्यार्थीहरु बढी छन । कास्कीको सेतीबगरमा रहेको बालकल्याण सस्थाले पनि बालगृह भित्र रहेका विद्यार्थीहरुले देउसी खेलेर जम्मा गरेको रकममा सस्थाले पनि सहयोग गरेर बनभोज लगेको छ । कास्कीको मेथलाङ्खमा रहेको पिकनिक स्पटमा बालगृहका ४० जना विद्यार्थीहरुलाई बिदाको दिन पारेर बनभोज लगिएको सस्थाका सञ्चालक समिति सदस्य वसन्त सुबेदीले बताए । बच्चाहरुलाई बिभिन्न बाहानामा बालगृहबाट बाहिर निकाल्दा फरक अनुभूति हुने र मानसिक रुपमा पनि सकारात्मक असर पर्ने भएकाले बनभोज ल्याईएको सुबदीले बताए ।

# कांग्रेसद्वारा दुःख व्यक्त

**पोखरा ५ मंसिर ।(गोल्डन)**

लेखनाथ-१ सैनिक वस्ती निवासी क्या.मनसुब्बा गुरुङको शुक्रबार निधन भएको छ। ७९ वर्षिय गुरुङको आफ्नै निवासमा मृत्यु भएको हो । नेपाली काङ्ग्रेसका क्रियाशिल सदस्य समेत रहेका गुरुङको एक श्रीमती, दुई छोरा, एक छोरी रहेका छन् । गुरुङको पार्थिक शरिरमा नेपाली काङ्ग्रेस कास्कीका सभापति तथा सांसद यज्ञबहादुर थापाले काङ्ग्रेसको चारतारे झण्डा ओढाएका थिए । यसै बीच नेपाली काङ्ग्रेस कास्कीले एक शोक विज्ञप्ती प्रकाशित गरि स्वर्गीय गुरुङको निधन प्रति दु:ख व्यक्त गरेको छ । नेपाली काङ्ग्रेस कास्कीका सभापति तथा सांसद यज्ञबहादुर थापाद्वारा जारी गरेको विज्ञप्तीमा नेपाली काङ्ग्रेस प्रति सदा समर्पित निरन्तर लगनशिल निष्ठावान कार्यकर्ताको निधनले पार्टी स्तव्ध भएको जनाएको छ। विज्ञप्तीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति श्रद्धाञ्जली अर्पण गरिएको छ ।

# सूचना प्रविधि सम्वन्धी डेमो प्रदर्शन

**पोखरा ५ मंसिर ।(गोल्डन)**

पोखरामा सूचना प्रविधि सम्वन्धी आपतकालिन डेमो प्रदर्शन गरिएको छ । कम्प्युटर एशोसिएसन महासंघ कास्कीको अयोजना तथा केइयो विश्वविद्यालय जापानको सहयोगमा सो डेमो प्रर्दशन गरिएको हो । देशमा भै परि आउने विपद्का वेला सूचना प्रविधिवाट आम नागरिक सम्पर्क विच्छेद हुँदा सेटलाईट मार्फत सूचना दिने जिइएस प्रविधी वारे सो अवसरमा जानकारी गराईएको छ। केइयो विश्वविद्यालयको तर्फवाट डेमो प्रदर्शन गर्दै अकियाले आपत्तका वेला मानिसलाई खान लाउन भन्दा पनि पहिला सूचनाको आवश्यक पर्ने भएकोले यो प्रविधि उपयोगी भएको वताए । उनले सेटलाईट मार्फत आउने यो प्रविधीका वेभहरुले जस्तै स्थानको सूचना पनि केन्द्रीत गर्न सक्ने वताए । क्यान महासंघ कास्कीका अध्यक्ष चिन्तामणि वास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष चण्डीप्रसाद अर्याल र महासचिव विश्वास भण्डारीले पनि प्रविधीका वारेमा आ आफ्ना भनाई राखेका थिए । क्यान महासंघ कास्कीले सो टोली सँग मिलेर निकट भविश्यमा नै उक्त अत्याधुनिक सूचना प्रणाली जडान गर्ने वताएको छ ।

जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०८८५

**पञ्चमुखी लक्ष्मी सप्लायर्स**
हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उत्तिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
**ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस**
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

**खुशीको खबर !**

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर**
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।
**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

# पिसचौतारी र अन्नपूर्ण लायन्सको मधुमेह शिविर

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**



लायन्स क्लव अफ पोखरा पिस चौतारीको आयोजनामा शनिबार निःशुल्क मधुमेह परीक्षण शिवर सम्पन्न भयो । लायन्स क्लव अफ अन्तर्राष्ट्रियको नीति र नियम अनुसार विश्व मधुमेह दिवसको अवसर पारी शिविर आयोजना गरिएको हो । पोखराको आरोग्यधाम होमियोप्याथिक हस्पिटलको प्राविधिक सहयोगमा कार्यक्रम सम्पन्न भएको हो । त्यस अवसरमा करिब १ सय ५० जनाले मधुमेह परीक्षण गराएका थिए । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि, बिजी हस्पिटलका अध्यक्ष एवं लायन्सको मधुमेह सचेतना कार्यक्रम समिति सदस्य डा. निर्मल लामिछानेले मानिसको रगतमा चिनीको मात्रा आवश्यकभन्दा बढी भई रगतजांच गराउदा चिनीको मात्रा चाहिने भन्दा बढी देखा पर्नु मधुमेह भएको मानिने बताए । उनले मधुमेहबाट बच्न नियमित व्यायाम, सन्तुलित आहार आदिमा ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा बोल्दै क्लवका निवर्तमान अध्यक्ष एवं हेल्थ क्याम्प कमिटी मेम्वर डा. विष्णु चापागाईंले मधुमेह २ प्रकारका हुने, भएकाले यसबाट हुने समस्या र समाधानका विविध पक्षमाथि चर्चा गरेका थिए । क्लवका अध्यक्ष धनन्जय पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा तृतीय उपाध्यक्ष मगनलाल श्रेष्ठले ध्वजाको अभिभावदन एवं स्वागत, रिजन चियर पर्सन तेजनारायण पराजुली, गण्डकी अञ्चल आयुर्वेद औषधालयकी प्रमुख डा. शुभद्रा कार्की लगायतले शुभकामना मन्तव्य राखेका थिए भने कार्यक्रम संचालन सचिव प्रेम दाहालले गरेका थिए ।

यसैबीच लायन्स क्लव अफ पोखरा पिस चौतारीको कार्यसमिति बैठक समेत शनिबार नै सम्पन्न भएको छ । बैठकमा यसअघि सम्पन्न पदस्थापन, सम्पन्न कार्यक्रमको समीक्षा गर्नुका साथै भावी रणनीतिमाथि छलफल गरेको थियो । त्यस अवसरमा पोखराका युवा पत्रकार हरि पन्तमाथि गत बुधबार राति भएको आक्रमणको भर्त्सना एवं निन्दा गर्नुका साथै दोषी उपर कार्वाही गर्न प्रहरी प्रशासनलाई आग्रह गरेको छ । यस्तै गत कार्तिक ११ गते गण्डकी टेलिभिजनको अध्यक्षमा चयन भएका क्वका सदस्य राजकुमार केसीलाई सम्मन एवं बधाई ज्ञापन गरेको थियो । बैठकमा निवर्तमान अध्यक्ष डा. विष्णु चापागाइँ, पूर्व अध्यक्ष मेघनाथ काफ्ले, विनोद ढुंगाना लगायतले विभिन्न सुझाव दिएका थिए ।

यसैगरी लायन्स क्लव अफ पोखरा अन्नपूर्ण र लोडी सहयोगी कल्याण कोष कास्कीले संयुक्त रुपमा पोखरामा शनिवार निःशुल्क मधुमेह शिविर आयोजना गरेको छ। विश्व मधुमेह दिवसको अवसरमा फिष्टेल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लिको प्राविधिक सहयोगमा आयोजना गरिएको शिविरबाट दुई सय जना लाभान्वित भएको कार्यक्रम संयोजक यदुनाथ अधिकारीले जानकारी दिए। शिविरमा विरामीको मृगौला परिक्षण, लिपिक प्रोफाइल, ब्लड सुगर र इसिजि टेष्ट लगायतका सेवा प्रदान गरिएको थियो। ती टेष्टगर्दा झण्डै दुई हजार पाँच सय रुपैया खर्च लाग्ने भएपनि शिविरमा भने निःशुल्क प्रदान गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि लायन्स अन्तर्राष्ट्रिय ३२५ बी वान नेपालका पूर्व मल्टिपल काउन्सिल चेयर पर्सन प्रेमबहादुर श्रेष्ठ र नेपाल मधुमेही समाज कास्कीका अध्यक्ष कृष्णप्रसाद बरालले डा. प्रदेश घिमिरेलाई प्रिष्कृप्सन लेख्ने प्याड हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा बोल्दै पूर्व मल्टिपल चेयर पर्सन प्रेमबहादुर श्रेष्ठ, नेपाल मधुमेही समाज कास्कीका अध्यक्ष कृष्णप्रसाद बराल र डा बसन्त ताम्राकारले मधुमेहबाट जोगिन सावधानी अपनाउनुपर्नेमा जोड दिएका थिए। लायन्स क्लव अफ पोखरा अन्नपूर्णका कार्यवाहक अध्यक्ष रविन्सन प्रजुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यक्रम संयोजक यदुनाथ अधिकारीले स्वागत र सचिव दिनेश तुलाचनले कार्यक्रम संचालन गरेका थिए।

# बाबा फाउण्डेशनद्वारा छात्रवृत्ति प्रदान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**



बाल अधिकार संरक्षण र प्रवर्द्धन तथा वातावरण संरक्षणको क्षेत्रमा काम गर्दै आएको बाबा फाउण्डेशन नेपालले भारती भवन उच्च मावि पुरन्चौरमा छात्रवृत्ति प्रदान गरेको छ । शुक्रबार विद्यालय प्राङ्गणमा आयोजित एक समारोहमा फाउण्डेशनका अध्यक्ष दीलिपराज श्रेष्ठ र सचिव टंकराज अधिकारीले बाबा फाउण्डेशन टेक्सासको सहयोगमा विज्ञान संकायमा कक्षा ११ मा अध्ययनरत छात्र सिजन के सी र छात्रा लक्ष्मी रानाभाटलाई उच्च शिक्षा अध्ययनको लागि पूर्ण छात्रवृत्ति प्रदान गरेका थिए । भारती भवन उच्च माविका प्रधानाध्यापक दीपक पौडेल उमेर हदको कारण अनिवार्य अवकासको अवसरमा आयोजित बिदाई कार्यक्रममा सामाजिक विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बिषयलाई ध्यानमा राखी बाल अधिकार र बातावरणलाई नै कार्य क्षेत्र बनाएर स्थापित संस्था बाबा फाउण्डेशनले नेपाली मन नेपाली पन र नेपाली धन भन्ने नाराका साथ स्थानिय श्रोत र साधनको अधिकतम परिचालनबाट सामाजिक सेवालाई अगाडि बढाउँदै आईरहेको संस्थाका अध्यक्ष श्रेष्ठले जानकारी गराएका थिए ।

संस्थाले स्थानीय दाताहरुको बार्षिक सहायता र अन्य स्थानीय श्रोतहरुको परिचालनबाट हालसम्म गण्डकी र धवलागिरीका ७ वटा जिल्लाका बिभिन्न विद्यालयमा ८५ जना बालबालिकालाई औपचारिक शिक्षामा निरन्तर सहयोग गर्दै आईरहेको छ भने हरियाली प्रवर्द्धन र फोहोर मैला व्यवस्थापनमा पनि विविध कार्यक्रमहरु संचालन गर्दै वाल अधिकार र वातावरण संरक्षणमा समाचार प्रकाशन, प्रसारण तथा समाचार सम्प्रेषण गर्ने संचार माध्यम वा संचारकर्मीलाई पुरस्कृत गर्ने उद्देश्यका साथ बाबा आनन्द संचार पत्रकारिता पुरस्कारको स्थापना गरेको संस्थाका सचिव टंकराज अधिकारीले जानकारी गराएका थिए ।

# सहकारीको बचत तथा ऋणमा एक रुपता ल्याइने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

पश्चिमाञ्चल क्षेत्रमा रहेका वचत तथा ऋण सहकारीहरुका बीच एक रुपता ल्याउन पहल गरिने भएको छ । नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कोन) ले साकोस (वचत तथा ऋण सहकारी समाज) अन्तर्गत यस्तो प्रणालीको अभियान साथ एक रुपता ल्याउन लागेको हो । यस अभियान मार्फत वचत तथा ऋण सहकारीहरुलाई शसक्त तथा दिगो वनाउने रहेको छ । वचत परिचालन मार्फत समुदायको जीवनस्तर उकास्न तथा गरिवी न्युनीकरण आत्म निर्भरका लागि समेत अभियानले कार्य गर्ने नेफस्कोनका वरिष्ठ उपाध्यक्ष डि.वी वस्नेतले वताए ।

पोखरामा सम्पन्न क्षेत्रिय गोष्ठीमा नेफस्कोन वजार प्रवर्द्धन विभाग प्रमुख प्रमोद भट्टराईले सहकारीका व्यवसायी गतिविधि र कार्यक्रम अधिकृत वल्लभ तिमिल्सिनाले सहकारीलाई नेपालमा कसरी एकरुपता ल्याउन सकिन्छ भन्ने वारे कार्यपत्र प्रस्तुत गरेका थिए । सो अवसरमा जिल्ला वचत तथा ऋण सहकारी कास्कीका अध्यक्ष भिमबहादुर गुरुङ्गले सहकारीको एकरुपता प्रणाली लागू गर्न सकिएमा सहकारी आन्दोलनले ठुलो फडको मार्ने विश्वास व्यक्त गरे । उनले सहकारीहरुले व्यवसायिक अनुशासन पालना गर्न समेत जोड दिए । कार्यक्रममा पश्चिमाञ्चलका ९ जिल्लाका ५४ सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कास्कीमा मात्रै ६ सय सहकारी संस्थाहरु रहेका मध्ये ३ सय सहकारीहरु वचत तथा ऋण सहकारीहरु रहेका छन । कास्कीमा १५ लाख सर्वसाधारण सहकारीमा आवद्ध रहेको मध्ये १ हजार ५ सयले रोजगारी प्राप्त गरेका छन भने ति संस्थामा १७ अर्वको कारेवार हुँदै आएको छ ।

# सामुदायिक विद्यालयहरुको अवस्था सुधार्न समिति

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

कास्कीका सामुदायिक विद्यालयहरुमा दिनानुदिन व्यथिति बढ्दै गएपछि गरिव तथा विपन्न समुदायका बालबालिकाहरुले गुणस्तरीय शिक्षाबाट वञ्चित भएको प्रति विद्ययालय व्यवस्थापन समितिका सदस्यहरुले चिन्ता व्यक्त गरिएको छ । देशको राजनीतिक तरलता र शिक्षानीतिमा आवश्यक सुधार नहुदाँ सरकारले सामुदायिक विद्यालयमा गरेको लगानी बालुवा मा पानी जस्तै भएको भन्दै एक कार्यक्रममा सहभागीहरुले चिन्ता व्यक्त गरेका हुन् । "गुणस्तरीय शिक्षाका लागि विद्यालयमा सुशासन, जिम्मेवार र सक्षम विद्यालय व्यवस्थापन "भन्ने मुल नाराका साथ विद्यालय व्यवस्थापन समिति संस्थागत सुदृढिकरण कार्यक्रम पोखरामा सम्पन्न भएको छ । शिक्षा नीति तथा अभ्यास केन्द्रको सहयोग र सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ केन्द्र र कास्कीको आयोजनामा कास्कीका करिब ५०० वटा विद्यालयहरुकाप्रति निजी विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले यस्तो बताएका हुन् । शिक्षा नीति तथा अभ्यास केन्द्रका कार्यक्रम संयोजक बेदनीधि ढकालले सामुदायिक विद्यालय सुधार गर्न शिक्षक र अभिभावक क्रियाशिल हुदै जानु अनिर्वाय भएको स्पष्ट पारे । उनले सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका केन्द्रीय अध्यक्ष कृष्ण थापाले मुलुकमा प्रजातन्त्रको आगमन भएदेखि नै सामुदायिक विद्यालयहरुमा शिक्षामा व्यथिति बढदै गएर अहिले सामुदायिक विद्यालयको अवस्था 'भताभुङ्ग र लथालिङ्ग' भएको बताए । उनले भने,' विद्यालय व्यवस्थान समितिलाई पूर्ण अधिकार शिक्षानीतिमा नहुदाँ सामुदायिक विद्यालयमा व्यथितिले सीमा नाघेको छ । सामुदायिक विद्यालयमा निःशुल्क पढाइ भएकै कारण सामुदायिक विद्यालयप्रति अभिभावकको आकर्षण र चासो घटेको सहभागीहरुले वताएका थिए । कास्की सामुदायिक विद्यालयहरुको अवस्था सुधार्न कन्या माध्यमिक नदीपुरका विद्यालय व्यवस्थापन समिति अध्यक्ष होम बहादुर नेपालीको अध्यक्षतामा १५ सदस्यीय सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ जिल्ला कार्य समिति कास्की गठन गरेको छ । समितिको उपाध्यक्षमा रामहरि गुरुङ, सचिवमा :राजेन्द्र अधिकारी, सह-सचिवमा रमा नेपाली, कोषाध्यक्षमा, मिम विश्वकर्मा, सदस्यहरुमा क्रमशः भिम प्र. वास्तोला, हरि बहादुर नेपाली, अनिल पौडेल, दिनानाथ सुवेदी, सीता नेपाली, डिल्लीराम पौडेल, कालीदाश सुवेदी, लीला देवकोटा र नारायण प्रसाद बाँस्तोला क्या.ज्ञान बहादुर थापा मगर समेत नव निर्वाचत कार्य समितिका पदाधिकारीहरु लाई शपथ खुवाउँदै महासंघका केन्द्रीय अध्यक्ष कृष्ण थापाले विव्यसहरुले अब जागरुक भई हाम्रो विद्यालय राम्रो बनाउँन स्वयंसेवी अभियानको थालनी गर्दै जानुपर्दछ भन्ने आव्हान गरेका छन् । कार्यक्रमको संचालन राजेन्द अधिकारीले गरेका थिए ।

# राष्ट्रिय धर्मसभा कास्कीमा गिरी



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

नेपाललाई सनातन धर्म सापेक्ष हिन्दूराष्ट्र बनाउने उद्देश्यसहित स्थापित राष्ट्रिय धर्मसभा नेपाल जिल्ला कार्यसमिति कास्कीको शनिबार सम्पन्न भेलाले ठूलो टेकन गिरीलाई अध्यक्षमा चयन गरेको छ । अध्यक्ष गिरी पोखराको यातायात व्यवसाय तथा विभिन्न धार्मिक एवं सामाजिक संघ-संस्थामा आवद्ध छन् । समितिको उपाध्यक्षमा भागवत वाचक पं.दीपक सापकोटा, सचिवमा रामनाथ अधिकारी 'संगी', सह-सचिवमा हरि पन्त, कोषाध्यक्षमा ठाकुर बराल चयन भएका छन् । यसैगरी कार्यसमितिको सदस्यहरुमा वेदनीधि शर्मा, केशवराज भण्डारी, केदारनाथ पौडेल, दुर्गादेवी पौडेल, बुद्धलक्ष्मी श्रेष्ठ, रीता लामिछाने, लिलाजंग राणा, खरिलाल पौडेल, ज्यो. हीरा कस्यप, दीलिप राइ, तेजराज भण्डारी रहेका छन् ।

यसैगरी समितिको प्रमुख सल्लाहकारमा तारानाथ शर्मा पौडेल र सदस्यहरुमा गोविन्दबहादुर केसी, तीर्थराज पौडेल, गणेश बहादुर श्रेष्ठ, जितबहादुर गुरुङ चयन भएका छन् ।

# वृद्धाश्रममा खाद्यान्न सहयोग



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ मंसिर ।**

लेखनाथ नगरपालिका वडा नं. ८ निवासी देवीमाया जमरकट्टेलले आफ्ना पतिको स्मृतिमा लेखनाथको सहेले पाखाका बृद्धाहरुलाई खाद्यान्न वितरण गरेका छन् । जमरकट्टेलले शनिवार विहान लेखनाथको वडा नं. ६ को सयले पाखामा रहेको कृष्णप्रणामी बाल तथा बृद्धाश्रममा बस्दै आएका बृद्धाहरुलाई खाद्यान्न बितरण गरेका हुन् । उनले आफ्ना पति स्व. देविदास जमरकट्टेलको स्मृति र तमाम् मृत आत्माहरुको चिरशान्तिको कामना गदै, आश्रमका बृद्धाहरुलाई खाद्य सामाग्री, फलफूल, विस्कुट र आर्थिक दान समेत गरेको छोरा ऋषिराम जमरकट्टेलले जानकारी दिए । देविमायाका साथ उनका कान्छा छोरा ऋषि सहितका परिवारका सदस्य सहयोगका लागि आश्रम पुगेका थिए । देशको विषम परिस्थितिमा असहज अवस्थामा आश्रममा रहेका बृद्धाहरुलाई सामाजिक भावनाले प्रेरित भै सहयोग गरेको दाता उनका छोरा ऋषिरामले जानकारी दिए ।

# गण्डकी विकास बैंकका शेयरधनीलाई बोनस शेयर

**पोखरा ५ मंसिर ।(गोल्डेन)**

गण्डकी विकास बैंकको शनिवार सम्पन्न १२औं बार्षिक साधारणसभाले शेयरधनिहरुलाई २३ प्रतिशत प्रतिशत बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकका अध्यक्ष पदम प्रसाद पौडेलको अध्यक्षतामा भएको साधारणसभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो । साथै बैंकको जारी तथा चुक्ता पुँजि बृद्धि गरी प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव समेत साधारणसभाले पारित गरेको छ । यस पश्चात निकट भविष्यमानै बैंकले जारी गर्न लागेको ३० प्रतिशत हकप्रद शेयर र उक्त बोनश शेयर समेत गरी कुल चुक्ता पुँजी रु ५३ करोड ८५ लाख ६० हजार रुपैया पुग्ने छ । सभाले अन्य उपयुक्त बैंक वित्तीय संस्था सँग मर्जर गर्न आवश्यक सम्पुर्ण निर्णय एवं कार्यहरु गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पनि पारित गरेको छ । बैंकले गत आर्थिक वर्षमा रु.१० करोड ८९ लाख खुद मुनाफा आर्जन गरेको थियो जुन गत आ.ब.को भन्दा ३७ प्रतिशतले बढी हो । २०७२ आषाढ मसान्त सम्ममा बैंकको कूल निक्षेप रु.४ अर्व ५२ करोड र कर्जा लगानी रु.३ अर्व ८४ करोड रहेको थियो जुन गत आ.ब.को भन्दा क्रमश ४५.५३ र ४५.३१ प्रतिशतले बढी हो । सोही अवधिमा बैंकको निष्कृय कर्जा अनुपात ०.१३ प्रतिशत रहेको बताइन्छ । ग्राहकहरुलाई सरल, सहज र सर्वसुलभ वित्तिय सेवा पु¥याउदै आएको यस बैंकले पश्चिमाञ्चल क्षेत्रका १० जिल्ला अर्न्तगत कुल २० वटा शाखा कार्यालय र केन्द्रीय कार्यालय समेत गरी कुल २१ स्थानवाट कारोवार संचालन गर्दे आएको छ । बैंकले ग्राहकहरुलाई आधुनिक सेवाहरु मोवाईल बैकिङ्ग, एटीएम, एबीबीएस, रेमिट्यान्स, लकरसेवाहरु उपलब्ध गराउँदै आएको छ । साथै बैंकले विभिन्न कर्जा शिर्षकहरुमा सरल र सहज तरिकाले छिटोछरितो रुपमा कर्जा उपलब्ध गराउनुका साथै निक्षेपमा आकर्षक ब्यजदर प्रदान गर्दै आएको छ ।

# २४ घण्टाभित्र आन्दोलन रोक्न पाठकको आग्रह

**पोखरा ५ मंसिर ।(गोल्डेन)**

नेपाल मानव अधिकार आयोगका सदस्य सुदिप पाठकले २४ घण्टाभित्र आन्दोलन रोक्न मधेशवादी दललाई आग्रह गरेका छन् । पाठकले नाका अवरोध गर्नु मानव संकटको अपराध भएको बताउदै २४ घण्टा भित्र नाकाबाट फिर्ता भई शान्तिपुर्ण रुपमा आफ्ना माग राख्न आग्रह गरे । पोखरामा राष्ट्रिय मानव अधिकार आयोगले आयोजना गरेको कार्यक्रममा पाठकले ४८ घण्टाभित्र नाकाको अवरोध हटाउन सरकारले पहल गर्नुपर्ने बताऐ । '१५/२० हजार जनाले नाकामा अवरोध गरेर ३ करोड मानिसलाई मार्न पाइदैन, पाठकले भने-नाकामा भएको अवरोध हटाउन नसक्ने भए सरकारको के अर्थ, यो सरकारनै होइन, यदि सरकार भए त नाका हटान सक्नुपर्यो ।' सरकारी पहल र कुटनीति असफल भएको भन्दै उनले प्रत्येक नेपालअव एकै ठाउँमा उभिनुपर्ने बेलाआएको बताए ।

अब 'प्रत्येक नेपाली स्ट्याण्ड अफ हुने बेला आएको छ ।' आन्दोलनरत दललाई संकेत गर्दै पाठकले आन्दोलनको पनि नियम र सीमितता हुने भन्दै आफ्ना अधिकारको कुरा गर्दा अरुको अधिकारको पनि ख्याल गर्न गरे । उनले मानवीय संटक सम्बन्धी अपराधको मुद्धा अन्तर्राष्ट्रियकरण गर्ने बताए । उनले भने-'आयोगले के गर्छ, तर म व्यक्तिगत रुपमायसलाई अन्तराष्ट्रियकरण गर्न सक्छु, म त्यसमा सक्षम छु ।' राष्ट्रिय मानवअधिकार आयोगले आयोजना गरेको कार्यक्रममा निकै हतारिदै बोलेका पाठकले पटक-पटक २४ घण्टा भित्रमधेशीदललाई नाकाको अवरोध हटाउन र ४८ घण्टाभित्र सरकारलाई नाका सुचारु गर्न चुनौति दिए ।


सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।



सम्पर्क: ९८४६८५९३३० पोखरा ट्रेड मल, चिप्लेढङ्गा (First Floor X2)

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन?

- तपाईंले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईंले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग

DIGIAM Ashvira OCM Raymond


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा